स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी जेठ १५ गते (गणतन्त्र दिवस)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'महाभोज'को मातातीर्थ औंसीको दिन पारेर एउटा भावनात्मक भिडियो सार्वजनिक गरिएको छ । भिडियोमा अभिनेता दयाहाङ राई र अभिनेत्री वसुन्धरा भुसालबीचको मनछुने संवाद समावेश छ । वसुन्धरा दिवंगत छोरालाई सम्झँदै भावुक हुँदा दयाहाङ्ले आफ्नो आमाजस्तै सधैं माया गर्ने भाव व्यक्त गरेका छन् ।

**आजको विचार...**



सगरमाथा.... (दुई पेजमा)

मोहन तिम्सिना



प्रदर्शन मिति घोषणा नहुँदै फिल्म 'एक्लो'को श्रृंखलाबद्ध रुपमा क्यारेक्टर पोस्टर सार्वजनिक भइरहेका छन्। प्रदीप खड्का, बेनिशा हमाल र विजय लामापछि आइतबार मातातीर्थ औंसीको दिन पारेर अभिनेत्री दीया पुनको पनि क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ। पोस्टरमा उनलाई 'एस्ट्रोनट पुन'को रुपमा चिनाइएको छ। अर्थात् फिल्ममा उनी अन्तरिक्ष यात्रीको भूमिकामा छिन्। प्रदीप शाहीको निर्देशनमा बनेको फिल्ममा सुनील थापा, दिनेश डिसी, सुरज सिङ ठकुरी लगायतको पनि अभिनय छ।

❐ वर्ष ३० ❐ अंक २७२ ❐ २०८२ वैशाख १५ गते सोमबार 28 April 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### बन्दरगाहमा विस्फोट हुँदा १८ को मृत्यु

(रासस/एएफपी)

**तेहरान,** वैशाख १४/इरानको सबैभन्दा ठूलो व्यापारिक बन्दरगाहमा भएको विशाल विस्फोटपछि कम्तीमा १८ जनाको मृत्यु र अन्य आठ सय जना घाइते भएको एक दिनपछि आइतबार आगो अझै लागिरहेको सरकारी सञ्चार माध्यमले जनाएको छ । विश्वको तेल उत्पादनको पाँचौं भाग हुने होर्मुज जलडमरुमध्य नजिकै दक्षिणी इरानको शहीद रजाई बन्दरगाहमा शनिबार विस्फोट भएको थियो । रगाहको भन्सार कार्यालयले राज्य टेलिभिजनद्वारा प्रसारित विज्ञप्तिमा विस्फोट सम्भवत: खतरनाक र रासायनिक सामग्री भण्डारण डिपोमा लागेको आगोबाट भएको बताएको छ । सुरक्षा मामिलामा छलफल गर्न नाम नछाप्ने सर्तमा न्युयोर्क टाइम्सले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्ससँग सम्बन्ध राख्ने एक व्यक्तिलाई उद्धृत गर्दै मिसाइलका लागि ठोस इन्धनको एक प्रमुख सामग्री सोडियम पर्क्लोरेटका कारण विस्फोट भएको बताएको छ । इरानी राज्य टेलिभिजनले आइतबार १८ जना मारिएको र आठ सय घाइते भएको अद्यावधिक तथ्याङ्क दिएको छ । घटनास्थलबाट लाइभ फुटेजमा अझै पनि बाक्लो कालो धुवाँ देखिन्छ । चीनको सरकारी प्रसारक सिसिटिभीले बन्दर अब्बास वाणिज्य दूतावासलाई उद्धृत गर्दै तीन चिनियाँ नागरिक 'हल्का घाइते' भएको बताएको छ ।

# यातायात कार्यालय पाल्पामा राजस्व संकलन बढ्यो

## नौं महिनामा १७ करोड बढी राजस्व संकलन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख १४/गत वर्षको तुलनामा चालू आर्थिक २०८१/०८२ मा यातायात व्यवस्था सेवा कार्यालय, पाल्पाको राजस्व संकलनमा वृद्धि भएको छ । चालक अनुमति पत्र र सवारी साधनमा बृद्धि भएसँगै चालू आर्थिक बर्षको नौ महिनामा राजस्व संकलनमा वृद्धि भएको हो ।



कार्यालयले चालु आर्थिक वर्षको चैत मसान्त सम्ममा १७ करोड २३ लाख १५ हजार ४ सय ६५ राजस्व संकलन गरेको छ । कार्यालयले गत आर्थिक वर्षको सोही अवधिमा १४ करोड ७४ लाख जति राजस्व संकलन गरेको थियो । उसले गत आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म १८ करोड ७४ लाख ९६ हजार ४ सय २५ राजस्व संकलन गरेको थियो । जुन अहिले नौं महिनामै उक्त राजस्वको नजिक पुगेको छ । चालु आर्थिक वर्ष सकिन अझ ३ महिना बाँकी रहेकाले राजस्व गत वर्षको तुलनामा बढ्ने निश्चित छ । कार्यालय प्रमुख लक्ष्मण घिमिरेले चालक अनुमति पत्र, सवारी साधनको संख्यामा वृद्धि र सेवाप्रवाहमा छिटो छरितो भएकाले चालु आर्थिक वर्ष राजस्व संकलनमा वृद्धि भएको बताए । उनका अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा चालक अनुमति पत्र, सवारी दर्ता किताबबाट २ करोड १० लाख ३७ हजार ४ सय र सवारी साधन करबाट १४ करोड ४८ लाख ६२ हजार ७ सय ४० राजस्व संकलन भएको हो । जहाँ अघिल्लो पुरै आर्थिक वर्षमा चालक अनुमति पत्र, सवारी दर्ता किताबबाट २ करोड ४५ लाख २८ हजार मात्र राजस्व संकलन भएको थियो । जुन चालुआर्थिक वर्षको नौ महिनामै उक्त संकलनको नजिक पुगेको छ । यस्तै अघिल्लो पुरै आर्थिक वर्षमा सवारी साधनबाट १५ करोड ४७ लाख ४३ हजार ७ सय ३५ राजस्व संकलन भएको थियो । जुन चालु आर्थिक वर्षको चैत मसान्तसम्ममै उक्त संकलनको नजिक पुगेको छ । यस्तै चालु आर्थिक वर्षको नौं महिनामा यातायात क्षेत्रको आम्दानीतर्फ १८ लाख ४६ हजार ७ सय र आयकरतर्फ ४५ लाख ६८ हजार ६ सय २५ राजस्व संकलन भएको कार्यालय प्रमुख घिमिरेले बताए । अघिल्लो आर्थिक वर्षको पुरै महिना कार्यालयले आयकरतर्फ ५६ लाख ५८ हजार ६ सय ६० राजस्व संकलन गरेको कार्यालयको सहायक कम्प्युटर अपरेटर सम्झना तिमिल्सीनाले जानकारी दिइन् । उनका अनुसार चालु आर्थिक वर्षको नौं महिनाको तुलनामा गत वर्ष सोही अवधिमा समग्रमा करिब ४ करोड भन्दा कम राजस्व संकलन भएको थियो । हाल कार्यालयले सवारी कर, सवारी नवीकरण दस्तुर, रुटपर्मिट, सवारी जाँचपास शिर्षकमा आयकर संकलन गर्ने गरेको छ । कार्यालयले चालु आर्थिक वर्षको चैत समान्तसम्ममा सवारीतर्फ २४ हजार ६८ वटा सवारी नविकरण, ३ हजार ४० पटके, ९ सय ४ जाँचपास र ९ सय ६७ वटा रुटपर्मिट नविकरण गरेको छ । यस्तै चालक अनुमति पत्रतर्फ २ हजार ३ सय २५ वटा नयाँ लाइसेन्स, ५ सय ३१ वटा थप वर्ग, ६ हजार ३ सय ४६ रिट्रायल, २ हजार ९१ वटा लाइसेन्स नविकरण र २ हजार ८ सय ३१ लिखितबाट राजस्व संकलन गरिएको कार्यालयले जनाएको छ ।

**डढेलोबाट वनजंगल बचाऔं, पर्यावरण जोगाऔं**

- घाँस दाउरा गर्न वनजङ्गलमा जाँदा चुरोट, बिडी नखाऔं,
- वनभोजपछि चुल्होको आगो राम्ररी निभाऔं,
- खेतबारी, खरबारी र खर्कमा आगो नलगाऔं,
- मानव बस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं,
- स्थानीय प्रशासन, वन, स्थानीय तह, प्रहरी कार्यालय, रेडक्रसलगायत अन्य संघ-संस्थाको सम्पर्क नम्बर सुरक्षित राखौं,
- वनमा डढेलो लागेको देख्ने वित्तिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय प्रशासन र स्थानीय तहलाई खबर गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# आन्दोलनरत शिक्षक र प्रहरीबीच झडप, २६ जना घाइते

**पाल्पा,** वैशाख १४/आन्दोलनरत शिक्षकले निषेधित क्षेत्र प्रवेश गर्न प्रहरी ब्यारिकेड तोडेपछि प्रहरीसँग झडप भएको छ । आइतबार नयाँबानेश्वरमा झडप भएको हो ।



विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने माग राख्दै जारी आन्दोलनको २६ औं दिनमा शिक्षक र प्रहरीबीच धकेलाधकेल भएको हो । शनिबार सरकारसँग भएको वार्ता निष्कर्षबिहीन भएपछि महासंघले आन्दोलनलाई निरन्तरता दिएको छ । शिक्षकहरूले प्रहरी ब्यारिकेड भत्काएपछि प्रहरीले रोक्न खोज्दा झडप भएको हो । सो क्रममा प्रहरीले पानीको फोहोरा प्रहार गरेको थियो भने भिडबाट शिक्षकहरुले ढुंगामुढा प्रहार भएका थिए । झडपमा शिक्षक, पत्रकार र प्रहरीसहित २६ जना घाइते भएका छन् । सो क्रममा ५ प्रहरी, एक पत्रकार र २० शिक्षक घाइते भएका हुन् । घाइते पत्रकार प्राइम टेलिभिजनकी पत्रकार सबिना कार्की रहेकी छन् । शिक्षक आन्दोलनको समाचार संकलनमा खटिएकी उनी घाइते भएकी छन् । प्रहरीले हानेको पानीको फोहोराले कार्कीको आँखामा चोट लागेको छ । सामान्य लाठीचार्ज र पानीको फोहरा हानिएको प्रहरीले जनाएको छ । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने करिब ६० जना शिक्षक घाइते भएको दाबी गरे । उनीहरुको सिभिल अस्पताल, एभरेस्ट अस्पताल र ट्रामा सेन्टरमा उपचार भइरहेको उनको भनाइ छ । विद्यालय शिक्षा विधेयक जारीलगायतका माग राख्दै देशभरका शिक्षक कर्मचारी चैत २० देखि आन्दोलनमा छन् । सरकारले वार्ताको प्रयास गरे पनि सफल हुन सकेको छैन । आइतबार काठमाडौंको माइतीघरमा आन्दोलनका लागि आएका शिक्षकहरूले शिक्षकको माग पुरा गर, विद्यालय शिक्षा ऐन जारी गरे लगायतका नारा लगाएका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## कार्यस्थलमा सुरक्षा र स्वास्थ्यको लागि दिवस

आज नेपालसहित विश्वभर काममा सुरक्षा र स्वास्थ्यको लागि विश्व दिवस मनाइँदै छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको पहलमा हरेक वर्ष २८ अप्रिलमा यो दिवस मनाउने गरिन्छ । ठूला औद्योगिक राष्ट्रहरुसँगै विकासको दौडमा लागेका राष्ट्रहरुले कामदार, मजदूरको सुरक्षा र स्वास्थ्यमा ध्यान दिन सकुन् भनेर यो दिवस मनाउने गरेको पाइन्छ ।

मानिसले काम गर्दा मुख्य दुई पक्षलाई प्राथमिकता दिइएको हुन्छ । पहिलो व्यक्तिको भौतिक सुरक्षा, दोस्रो स्वास्थ्य सुरक्षा । सामान्यदेखि जोखिमयुक्त काममा व्यक्तिगत सुरक्षा र स्वास्थ्य सावधानीलाई महत्वको साथ हेरिनुपर्छ तर यसको वेवास्ता गर्ने क्रम बढिरहेको छ । कामदार, श्रमिकको सुरक्षा र स्वास्थ्यमा भएको लापरवाहीले हजारौं मरिरहेका छन् । हाम्रो देशमा पनि कामदारको रुपमा खाडी मुलुक गएका श्रमिकका शव बाकसमा फर्किरहेका छन् । यो दुखद् हो । सबै कामदारहरूको सुरक्षित र स्वस्थ वातावरणको मौलिक अधिकार ठूलो महत्वको विषय हो । जहाँ मानिसले काम गर्दछन्, त्यो ठाउँ स्वास्थ्यको दृष्टिले सुरक्षित हुनुपर्छ भन्ने कुरामा यो दिवसले जोड दिन्छ । कामको प्रकृति र वातावरण तथा अन्य पक्ष सुरक्षित नहुँदा मानिसको जीवन वा स्वास्थ्यलाई तत्काल वा दीर्घकालमा असर पुऱ्याउने खतरा हुन्छ । यस्तो कुनै किसिमको खतरा हुनुहुँदैन । हरेक कोण र दृष्टिकोणबाट सुरक्षित हुनुपर्दछ । सुरक्षाको दृष्टिकोणले कुनै कमी कमजोरी छ कि ? स्वास्थ्यका दृष्टिकोणले पनि उपयुक्त छ कि, छैन ? भन्ने कुरामा यो दिवसले ध्यान दिनुपर्छ । सबैले काममा सुरक्षा र स्वास्थ्यका दृष्टिकोणले पनि उचित वातावरण पाउनु पर्दछ । सुरक्षित र स्वस्थ कार्यस्थलले कामदारहरूलाई चोटपटक र रोगबाट बचाउने मात्र होइन, यसले चोटपटक र बिमारीको दर कम गर्न, कामदारहरुको अनुपस्थिती र काम नै छाडेर जाने अवस्था हटाउन, उत्पादकत्व र गुणस्तर बढाउन र कर्मचारीको मनोबल बढाउन सक्छ । यसर्थ सुरक्षित कार्यस्थल र स्वस्थका लागि काममा सुरक्षा र स्वास्थ्यको लागि विश्व दिवस महत्वपूर्ण हुने छ ।

## Opinion @ Social Network

मूल्य हुन्छ मान्छेको जरूरत परेको बेला
बिना जरुरत त हीरा पनि तिजोरिमा बन्द रहन्छ ।
(*लक्की तारुको फेसबुक स्टाटस* *https://www.facebook.com/Lucky .Tharu* )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सगरमाथा–संवाद : नेपालले उठाउनैपर्ने सवाल



**मोहन तिम्सिना**

केही दशकयता पृथ्वीमातालाई ज्वरो आएको छ । जसका कारण स्थानीय जलवायु चक्र बिथोलिएको छ । अतिवृष्टि र अनावृष्टिका घटना देखापर्न थालेका छन् । हिमालमा हिउँ जम्न छोडेको छ । बालीनाली बिग्रिएका छन् । जैविक विविधतामा ह्रास आउन थालेको छ । अन्तत: मानव स्वास्थ्यमा नै असर पार्न थालेको छ । ज्वरो आउनु आफैंमा रोग होइन, अरू कुनै रोगको असर हो । पृथ्वीलाई यस्तै कुनै रोग लागेको छ, जसलाई पत्ता लगाउँदा मात्र ज्वरोको उपचार सम्भव हुन्छ । जलवायु परिवर्तनका सन्दर्भमा नेपाल सरकारले २-४ जेठ २०८२ मा 'सगरमाथा-संवाद' अन्तर्राष्ट्रिय सम्मेलन गर्दैछ । जलवायु परिवर्तनले पैदा गरेको संकटलाई विश्व समुदायसामु राख्ने जिम्मेवारी नेपालले लिएको सन्देश यस सम्मेलनले दिनसक्छ । यद्यपि, यस्तो सम्मेलन 'सिटामोल खुवाउने' परिचर्चामा सीमित हुनुहुँदैन । ज्वरो आउनुको कारण पत्ता लगाउने र त्यसको निदानका उपाय खोज्ने दिशामा केन्द्रित हुनुपर्छ ।

**रोगको कारण :** मंगल ग्रहमा जीवनको खोजी गर्ने परियोजनाका अगुवा वैज्ञानिक जेम्स लभलक भन्छन्- पृथ्वीमा जीवनको सुरुआत भएयता सूर्यको तापक्रम २५ प्रतिशतले बढ्यो । तैपनि पृथ्वीको तापक्रम जीवन विस्तारका लागि आवश्यक हुने दरमा स्थिर रह्यो । यो कसरी सम्भव भयो ? उनीहरूको खोजले भन्छ- ब्रह्माण्डीय पर्यावरणसँगको सहकार्यमा पृथ्वी आफैंले यो सबै गऱ्यो । जंगल तथा वनस्पति उमारेर पृथ्वीले सूर्यको बढेको तापक्रमसँग सामञ्जस्यता कायम गऱ्यो । अनि यो जगतमा जीवनको विकास र विस्तार सुनिश्चित गऱ्यो । पछिल्ला अध्ययनले भन्छन्- औद्योगिक युगअघि पृथ्वीको सरदर तापक्रम १३.७ डिग्री सेल्सियस आसपासमा स्थिर थियो । सन् २०२३ सम्ममा १.२ डिग्री सेल्सियसले बढेको छ । जसका कारण जलवायु चक्र बिथोलिएको छ । वैज्ञानिकहरू चेतावनी दिन्छन्- यदि तापक्रम १.५ भन्दा बढी पुग्यो भने धेरै ठूलो प्राकृतिक क्षति हुनेछ । केही शताब्दी अघिसम्म स्थिर रहेको पृथ्वीको तापक्रम आज आएर किन बढ्यो ? यस विषयमा भएका अध्ययनले भन्छन्- यसो हुनुमा मानवीय क्रियाकलाप नै जिम्मेवार छन् । मुख्य कारण जीवाश्म इन्धन (कोइला, पेट्रोलियम, ग्यास) को उत्सर्जन हो । त्यसैगरी जंगल फडानी, व्यावसायिक पशुपालन, खेतमा प्रयोग हुने रासायनिक मल र विषादी, फोहोर व्यवस्थापन र यातायातका साधन पनि पृथ्वीको तापक्रम वृद्धिका कारण हुन् । तापक्रम वृद्धिको सबैभन्दा धेरै अर्थात् लगभग ६५ प्रतिशत कारक औद्योगिक कार्बन उत्सर्जनलाई मानिएको छ । त्यस्तै, जंगल फडानीबाट ११ प्रतिशत, कृषिजन्य मिथेन उत्पादनबाट १० प्रतिशत, रासायनिक मल, फोहोर व्यवस्थापन र खनिज इन्धन जलाउँदा ६ प्रतिशत, फ्रिज, एसी र औद्योगिक उत्पादनमा प्रयोग हुने ग्यासबाट २ प्रतिशत र अन्य मानवीय क्रियाकलापबाट ६ प्रतिशत तापक्रम वृद्धि भएको मानिएको छ । यसमा मानवीय जनसंख्या वृद्धिको परिघटनालाई जोड्न जरूरी छ । औद्योगिक युग शुरू हुनुभन्दा पहिले विश्वको जनसंख्या ७० करोडको हाराहारी थियो । हाल यो संख्या ८.१ अर्ब पुगेको छ । यति ठूलो मानवीय जनसंख्याका लागि खाद्य उत्पादन, यातायातका साधन, आवास निर्माण जस्ता आवश्यकता परिपूर्तिका लागि प्रकृतिको दोहन बढेको छ । यसरी जनसंख्या वृद्धि पनि पृथ्वीमा तापक्रम वृद्धिको कारक हो ।

**को कति दोषी ?**

वार्षिक उत्सर्जन तथ्यांक अनुसार संसारकै सबैभन्दा बढी कोइला डढाउने देश चीन हो । चीन विश्वको कार्बन उत्सर्जनको लगभग ३० प्रतिशत जिम्मेवार हो । त्यसपछि क्रमश: अमेरिका १४, भारत ७, रूस ५, जापान ३, युरोपेली संघ ७ र बाँकी विश्व ३४ प्रतिशत जिम्मेवार मानिएको छ । कार्बन शोषणका प्राकृतिक माध्यम मूलत: समुद्र, जंगल र माटो हुन् । तर ठूला औद्योगिक मुलुक आफ्नो कार्बन शोषण प्रणालीले धान्ने भन्दा अत्यधिक कोइला जलाइरहेका छन् । यिनै मुलुकमा जंगल-जमिन अनुपात कम छ । भारतसँग कुल जमिनको २४.६ प्रतिशत, चीनसँग २३.३ र अमेरिकासँग ३३.९ प्रतिशत मात्र जंगल छ । भोगी जीवनशैलीको अनुपात भने यिनै मुलुकमा बेसी छ । नेपाल लगभग ५० प्रतिशत जंगल भएको मुलुक हो । ठूला उद्योग यहाँ नगन्य संख्यामा छन् । भोगी जीवनशैली अरू देशको तुलनामा नेपालमा कम नै छ । त्यसैले, जलवायु विपत्तिमा नेपालको दोष बहुतै कम छ । नेपालका केही दोष नै छैनन् भन्ने होइन, छन् तर ती आन्तरिक हानि गर्ने खालका मात्र छन् । जस्तो कि कृषिमा रासायनिक मलको प्रयोग, गलत ठाउँमा डोजरको प्रयोग, बेसी धुवाँ फाल्ने यातायात साधनको प्रयोग । नेपालका दोष यस्तै हुन्, जुन वैश्विक जलवायु परिवर्तनका लागि नगन्य मात्रामा जिम्मेवार होलान् । तर कम गल्ती गर्ने देश नेपाल अरूले गरेको गल्तीको भागीदार बन्नु परेको छ । हिमाल हिउँरहित हुनु, हिमताल फुट्ने खतरा पैदा हुनु, लामो खडेरी पर्नु, खेतीपाती बिथोलिनु, बाढीपहिरोको जोखिम बढ्नु, जैविक विविधता र पर्यटनमा ह्रास आउनु, पानीका मूल सुक्नु र थातथलोबाट मानिसहरू विस्थापित हुने अवस्था सृजना हुनु । जलवायु परिवर्तनबाट नेपालले यस्ता समस्या भोग्न थालेको छ ।

**उपचारात्मक पहल :** जलवायु विपत्ति आज फेसनको विषय बनेको छ । यसका नाममा ठूला होटलमा विभिन्न खाले गोष्ठी, सम्मेलन गर्ने क्रम बढेको छ । तर यी सबै उपचारात्मक उपायमा सीमित छन् । अर्थात् 'सिटामोल खुवाउने' उपायमा सीमित छन् । ज्वरो आउनुको कारणकै निदान गर्नेतर्फ केन्द्रित छैनन् । अर्कोतिर यस मामिलामा जसले गल्ती गरिरहेको छ, उनीहरूले गल्ती स्वीकार गरिरहेका छैनन् । यही आजको विश्वको समस्या हो । संयुक्त राष्ट्रसंघले जलवायु परिवर्तनको समाधानका लागि पहल शुरू गरेको सन् १९९२ को रियो सम्मेलनबाट हो । त्यसपछि क्योटो प्रोटोकल (१९९७) र पेरिस सम्झौता (२०१५) सम्पन्न भए । क्योटो प्रोटोकलले 'विकसित मुलुक' हरूलाई कार्बन उत्सर्जन घटाउन अनुरोध गऱ्यो । पेरिस सम्झौताले सन् २१०० सम्ममा तापमान वृद्धिलाई १.५ देखि २ डिग्री सेल्सियस भित्र सीमित राख्ने उद्देश्य अन्तर्गत हरेक देशले 'राष्ट्रिय योगदान निर्धारक' तयार गर्नुपर्ने निर्णय गऱ्यो । यी सबै उपचारात्मक पहलका उदाहरण हुन् । उपचारात्मक पहलको महत्व नभएको होइन तर निदानात्मक उपाय विनाको उपचारात्मक पहलले मात्र समस्याको समाधान गर्न सक्दैन । चुनौतीको विषय यो हो कि, यस्तै उपचारात्मक उपाय पनि ठूला औद्योगिक मुलुक मान्न तयार छैनन् । उनीहरू दोष अनुसारको जिम्मेवारी लिन तयार छैनन् । क्योटो प्रोटोकललाई अमेरिका जस्तो देशले कहिल्यै अनुमोदन गरेन । पेरिस सम्झौताबाट पनि अमेरिका बाहिरिएको छ । पेरिस सम्झौताको 'राष्ट्रिय योगदान निर्धारक' तयार गर्दा ठूला औद्योगिक राष्ट्रले केवल औपचारिकता पूरा गरे जस्तो गरे । कार्बन शोषण बापत 'विकासशील मुलुक' ले पाउने भनिएको रकम ठूला औद्योगिक मुलुकले उपलब्ध गराएका छैनन् । 'विकसित' राष्ट्रका प्रविधि 'विकासशील' राष्ट्रलाई सहयोग गर्ने कुरा पनि इमानदारी साथ कार्यान्वयन गरेका छैनन् । योभन्दा पनि मूल कुरा ठूला औद्योगिक राष्ट्रहरू खनिज इन्धनमा आधारित अर्थतन्त्र, अति औद्योगिकीकरण, अति उत्पादन र उपभोगवादप्रतिको उनीहरूको पागलपनमा पुनर्विचार गर्न तयार छैनन् । यस्तो अवस्थामा आयोजना हुन लागेको 'सगरमाथा-सम्मेलन' मा उपचारात्मक उपायलाई नै दोहोऱ्याइयो भने त्यसको खास महत्व हुने छैन । नेपालले यो सवाललाई फरक ढंगले उठाउनुपर्दछ ।

**निदानात्मक उपाय :** जलवायु परिवर्तन प्राकृतिक विपत्ति होइन, यो मानव सिर्जित रोग हो । यो रोगको जरो गाडिएको छ- 'धेरै चाहिने' र 'छिटो चाहिने' ध्वंसात्मक सोचमा । विगत केही शताब्दी यताको तथाकथित आधुनिक मानवले उदारवाद र समाजवादका नाममा पैदा गरेको भोगी विचार नै यसको जिम्मेवार हो । पक्कै पनि आवश्यकता परिपूर्तिका लागि सोचिनुपर्दछ । तर महत्वाकांक्षाले व्यक्ति र प्रकृति कसैको भलो गर्दैन । यो प्राकृतिक यथार्थ हो । तर 'आधुनिक मानव' यो यथार्थ स्वीकार गर्न तयार छैन । औद्योगिक वा विकसित भनिएका राष्ट्र यो तथ्य स्वीकार गर्न तयार छैनन् । उदारवाद र समाजवाद नाममा विकास भएको मानव-केन्द्रित, उपभोगवादी र लोभी चिन्तनले प्रकृति र जैविक प्रणालीलाई सधैं दोहनको वस्तु ठाने । 'जति धेरै धन-उति धेरै सुख' भन्ने मूल्यमान्यता बनाए । यिनीहरूको महत्वाकांक्षा आज पृथ्वीले नै धान्न नसक्ने स्तरमा विकास भएको छ । जसलाई नियन्त्रण नगर्ने हो भने छोटो समयमा पृथ्वीमा जीवनको अस्तित्व समाप्त हुन सक्छ । यसो हुन नदिन अर्थात्, पृथ्वीको तापमान घटाउन र जलवायु परिवर्तनको समस्या समाधान गर्न निदानात्मक उपायले मात्र सम्भव छ । निदानात्मक उपाय भनेको राजनीतिक मूल्यमान्यतामा परिवर्तन नै हो ।

**यसका लागि निम्नानुसार सोच परिवर्तन गर्न जरूरी छ :** पहिलो, प्रकृतिलाई 'भोग्य निर्जीव वस्तु' भन्ने मूल्यमान्यतालाई फेरेर 'पूज्य पृथ्वी माता' को सोच स्थापित गर्नुपर्दछ । मानवअधिकारको सोचलाई विस्तार गरेर 'जैविक अधिकार' को सोच स्थापित गर्नुपर्दछ । अधिकारको धारणा मानव जाति मात्र होइन, गैरमानवका लागि पनि सान्दर्भिक छ भन्ने मान्यता बसाउनुपर्दछ । खोला, जंगल, जलचर, थलचर, जनावर, माटो आदिको अधिकार स्थापित गर्नुपर्दछ । दोस्रो, 'जति धेरै धन-उति धेरै सुख' भन्ने मूल्यमान्यतालाई फेरेर 'आवश्यकतामा आधारित उत्पादन' को मूल्यमान्यता स्थापित गर्नुपर्दछ । वैश्विक र राष्ट्रिय आवश्यकता सर्वेक्षणको विधि विकास गर्नुपर्दछ । आवश्यकता र आयात-निर्यात सन्तुलनको उद्देश्यद्वारा वैश्विक तथा राष्ट्रिय उत्पादन प्रणाली संगठित गर्नुपर्दछ । गुणात्मक वृद्धि र जैविक अर्थतन्त्रको अवधारणामा काम गर्नुपर्दछ । तेस्रो, पृथ्वीले धान्न सक्ने अधिकतम मानव जनसंख्या कति हो ? वैश्विक जनसंख्या मापदण्ड निर्माण गर्नुपर्दछ । लोपोन्मुख र अल्पसंख्यक समुदायको संरक्षणलाई विशेष ख्याल राख्दै राष्ट्रहरूको जनसंख्या नीति स्थापित गर्नुपर्दछ । चौथो, विश्व हरित नीति निर्माण गर्नुपर्दछ । हरेक मुलुकले आफ्नो कुल जमिनको निश्चित भूभाग अनिवार्य हरित क्षेत्रका रूपमा संरक्षण गर्नुपर्ने नियम स्थापित गर्नुपर्दछ । राष्ट्रहरूको चिन्तन प्रवृत्तिका आधारमा विकास मापन गर्ने नयाँ विधि विकास गर्नुपर्दछ । जसले जति बढी शान्ति, सहकार्य, सहअस्तित्व र प्रकृतिमैत्री मूल्यमान्यतामा काम गर्दछ, ऊ त्यति नै विकसित मानिने विधि स्थापित गर्नुपर्दछ । पाँचौं, शिक्षा नीतिमा प्रकृतिमैत्री ज्ञान प्रणाली र पाठ्यक्रम सुनिश्चित गर्नुपर्दछ । मानिस र प्रकृतिको अन्योन्याश्रित सम्बन्धमा आधारित स्वास्थ्य नीति स्थापित गर्नुपर्दछ ।

**नेपाललाई अवसर :** नेपालको भौगोलिक अवस्था, सांस्कृतिक बनावट र विकासको वर्तमान चरणले उसलाई एक पर्यावरणमैत्री देशको रूपमा चिनाउने अवसर छ । जलवायु परिवर्तन जस्तो समस्याको निदान फेरि पनि वैश्विक राजनीतिक प्रक्रियाबाट मात्र सम्भव छ । तर यसमा निकै ठूला चुनौती छन् । उपचारात्मक उपायमै सहमत नहुने ठूला औद्योगिक राष्ट्रहरू, माथि उल्लिखित निदानात्मक उपायमा तुरुन्तै सहमत हुने सम्भावना कम छ । यो अवस्थामा निदानात्मक उपायमा सहमत हुने राष्ट्र मिलेर 'विश्व जैविक मञ्च' निर्माण गर्न जरूरी छ । यस्तो मञ्च मार्फत जलवायु समस्याको निदानात्मक उपचारको आवाज उठाउनुपर्दछ । सँगै क्षतिपूर्तिका कुरा पनि उठाउनुपर्दछ । नेताहरूमा सोच र इच्छाशक्ति हुने हो भने यो कामको अगुवाइ नेपालले गर्न सक्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विद्यार्थीवर्गको तार्किक प्रस्तुतिको प्रशंसा हुनेछ। धार्मिक यात्राका योग छन्। | **तुला** : साझेदारी व्यापारबाट लाभ मिल्नेछ। विरोधीहरू आफैं पन्छिनेछन्। |
| **वृष** : व्यक्तित्वलाई निखार्ने समय रहेको छ। साहित्यमा विशेष सफलता मिल्नेछ। | **वृश्चिक** : शारीरिक समस्याहरूको सामना गर्नुपर्ला। स्वास्थ्यमा सावधानि राख्नुहोस्। |
| **मिथुन** : आँटेको काम सम्पादन गर्न सकिनेछ। अवसरको लागि दौडधुप गर्नुपर्ला। | **धनु** :धर्मकर्म गर्दा भाग्यले साथ दिनेछ। गुप्त शत्रुहरूबाट सावधान रहनुहोस्। |
| **कर्कट** : समस्या पर्न सक्छ । कमजोरीलाई इष्टमित्रहरुले ढाक्ने छन्। | **मकर** : कार्यक्षेत्रमा आश्वासन पाइनेछ। धैर्यले काम लिनुहोस् सफलता मिल्नेछ |
| **सिंह** : विशिष्ट व्यक्तिहरूको सहायताले फाइदा दिलाउनेछ। कार्यक्षेत्रमा दिगो कार्य हात लाग्नेछ। | **कुम्भ** : आर्थिक पक्ष सबल रहनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **कन्या** : राजनीतिमा नयाँ अवसरहरू मिल्नेछन्। फिजुल खर्चदेखि बच्नुहोस्। | **मीन** : परीक्षामा सफलता मिल्नेछ। सरकारी संस्थाबाट लाभ प्राप्त होला। |

## शिक्षा

# कति छन् नेपालमा विद्यालय ?



**आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको पनि आयोगले जानकारी दिएको छ । प्रारम्भिक बाल विकास शिक्षामा नौ लाख ७४ बालबालिका अध्ययनरत रहेका छन् । लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः 0 दशमलव ९८ र १ दशमलव 0१ रहेको आयोगले जनाएको छ ।**

नेपालको शिक्षा क्षेत्रमा विगतमा भएको लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धि प्राप्त हुन थालेको छ । पूर्वप्राथमिक शिक्षामा कूल भर्नादर ८४ दशमलव ७ पुगेको छ भने प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६ दशमलव ९ पुगेको राष्ट्रिय योजना आयोगले जनाएको छ । आयोगका अनुसार, प्राथमिक तह कक्षा १ देखि ५, आधारभूत तह कक्षा १ देखि ८ माध्यमिक तह कक्षा ८ देखि १२ को खुद भर्नादर क्रमशः ९६ दशमलव ९ प्रतिशत ९२ दशमलव ७ प्रतिशत र ४६ दशमलव ४ प्रतिशत पुगेको छ । कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर क्रमशः ८९ दशमलव ६ प्रतिशत र ७७ दशमलव ९ प्रतिशत रहेका जानकारी दिइएको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको पनि आयोगले जानकारी दिएको छ । प्रारम्भिक बाल विकास शिक्षामा नौ लाख ७४ बालबालिका अध्ययनरत रहेका छन् । लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ० दशमलव ९८ र १ दशमलव ०१ रहेको आयोगले जनाएको छ । विद्यालय दोहोर्‍याउने कक्षा १ देखि ५ सम्म आधारभूत तहमा ३ दशमलव ८ र कक्षा ६ देखि ८ सम्म ४ दशमलव ४ तथा कक्षा ९ र १० को माध्यमिक तहमा ३ दशमलव ७ मा झरेको छ । आयोगका अनुसार अहिले मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५ हजार ५५ वटा विद्यालय सञ्चालनमा छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीलाई सेवा प्रवाह गरिरहेको छ । विसं २०६८ को जनगणनामा १५ वर्षमाथिको जनसङ्ख्याको साक्षरता ५८ प्रतिशत रहेकोमा आव २०७४र७५ मा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता ८८ दशमलव ६ प्रतिशत पुगेको छ । हालसम्म ५१ जिल्ला सक्षर घोषणा भइसकेका आयोगद्वारा प्रकाशित प्रमुख आर्थिक सूचकको प्रयोग विधि पुस्तकमा उल्लेख छ ।

*-रासस*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

## तानसेन नगरपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे, प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली, उप-प्रमुख
सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


# शिक्षक आन्दोलनले उठाएका प्रश्न

**रमेशप्रसाद गौतम**



विगतका घटना परिघटनाको समीक्षा गर्दै भए गरेका कमिकमजोरी सुधार गर्ने दिशातर्फ कसैको पनि ध्यान गएको पाइँदैन । अहिले २०८१ सालको अन्त्य र २०८२ सालको आरम्भ भएको छ । प्रतिबद्धता र सुधारको जतिअपेक्षा गरे तापनि विगतकै कार्यशैली र निहित स्वार्थमै हरेक क्षेत्र अल्मल्लिने संकेतको आभासमात्र मिलिरहेको छ । हुन त नयाँ वर्षको आगमनले व्यक्ति, संस्था वा देश स्वयं उत्प्रेरित र उद्देश्यउन्मुख हुनुपर्ने हो । नत्र नयाँ वर्ष भन्नुको प्रयोजनै के रफयो र ? शिक्षा जस्तो संवेदनशील क्षेत्र अन्यौल ग्रस्त छ । देशभरका शिक्षकहरू विद्यालय शिक्षा विधेक पारित गर्नुपर्ने मुख्य माग राख्दै काठमाडौं केन्द्रित आन्दोलनमा लागेका छन् । २०८१ चैत २० गतेदेखि तमाम शिक्षकहरूले आन्दोलनका लागि विद्यालयको पठनपाठन ठप्प पारेका छन् । यसरी कक्षा कोठा छाडेर सडकमा आउनुपर्ने वातावरण बन्न दिनुहुने थिएन । सरकारका तर्फबाट शिक्षकको माग तत्कालै सम्बोधन हुन नसकेको र शिक्षक प्रतिनिधिले सरकारसँग वार्तामा बस्न पनि अस्वीकार गर्नुले यस किसिमको शिक्षक आन्दोलन कतिन्जेल लम्बिने हो भन्न नसकिने अवस्था छ । लोकतन्त्रमा सबै नागरिकले शान्तिपूर्ण तवरले सरकारसमक्ष माग राख्नु स्वभाविकै मानिन्छ । सरकारले राज्यमा विद्यमान स्रोतसाधनका आधारमा सबै नागरिक तथा पेशा व्यवसायप्रति समान व्यवहार गर्दै देशका नागरिकको सुखद् भविष्यप्रतिको दायित्व वहन गर्नुपर्दछ । अहिले राजधानी काठमाडौंमा शिक्षक आन्दोलन चर्किरहेको छ । विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने मूल माग शिक्षकको छ । विद्यालय शिक्षाको मूल कडी एसइईको परीक्षा, त्यसको नतिजाको प्रतीक्षामा तमाम विद्यार्थी, अभिभावक र सर्वसाधारण आदि छन् तर उत्तरपुस्तिका परीक्षण गर्ने शिक्षक नै आन्दोलनमा छन् ।

असारभित्र एसइई परीक्षाको नतिजा प्रकाशन गरी उत्तीर्ण केटाकेटीको उच्च शिक्षाको ढोका खोल्नुपर्ने दायित्व सरकारको हो । नयाँ शैक्षिकसत्रको आरम्भसँगै विद्यार्थी भर्ना समय आइसकेको छ । यस्तो अवस्थामा तमाम सामुदायिक विद्यालयका शिक्षकहरू सडकमा आएका छन् । विद्यालय बन्द छन् । शिक्षकहरूले सुरुदेखि आन्दोलनको प्रारुप देखाउँदै आएका थिए । त्यसपछि शैक्षिक हड्ताल घोषणा गरेर आजसम्म सडकमै छन् । यो आन्दोलनको नेतृत्व गरेको नेपाल शिक्षक संघले उत्तरपुस्तिका, नतिजा प्रकाशन, तालिम गोष्ठी, सेमिनार, शैक्षिक भ्रमण आदि कार्यमा सहभागी नहुने घोषणा गरिसकेको छ ।

आन्दोलनको उद्देश्य गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी गराउन गरिएको आन्दोलन हो । शिक्षकका मागलाई लिएर २०८१ चैत २० गतेदेखि वार्ता आरम्भ भएको थियो । यो वार्ता छिटो टुंगिने र शैक्षिक कार्यक्रम सुचारु हुने अपेक्षा राख्दै गर्दाको अवस्थामा शिक्षामन्त्री विद्या भट्टराईको राजीनामा आउनु झन् विडम्बना हो । विगतका सम्झौता थुप्रै भए तर तिनको कार्यान्वयन हुनसकेन । शिक्षकलाई झुक्याउने उद्देश्य सरकारले कदापि नराखीकन शिक्षकका विशुद्ध शैक्षिक मागलाई इमानदारीपूर्वक टेबलवार्तामा बसी शिक्षकलाई विश्वास दिलाउन सके यो आन्दोलन रोकिन सक्दछ । यसको अर्थ सबै माग एकैपल्ट पूरा हुनैपर्छ भन्ने ढिपी नराखी जायज माग पूरा गरिदिन सरकार अग्रसर हुनु जरुरी छ । शिक्षकका माग, संघ, संविधान र संघीयताको मर्मविपरीत भएका सम्बन्धमा शिक्षकले बुझ्दछन् । यसमा स्थानीय तहमै समुचित तरिकाले शिक्षकका पेशा र मर्ममा आँच नआउने ढंगले समाधानको उपायमा लाग्नुपर्दछ । जहाँ शिक्षकको पेशागत सुरक्षा र आत्मसम्मानमा कहिँ चोट नपुगोस् । इमानदारीपूर्वक कार्यरत शिक्षकको सही मूल्यांकन होस्, सम्मान र पुरस्कार तिनले नै पाउनुपर्दछ । यस विधेकमा आर्थिक रूपले पिछडिएका वर्गका लागि आर्थिक अवस्था उकास्ने खालका नीति तय हुनु जरुरी छ । यस सम्बन्धमा पनि शिक्षाको भूमिकालाई नकार्न मिल्दैन । शिक्षण पेशालाई अन्य पेशाभन्दा भिन्न दृष्टिले हेरिनु यस पेशालाई उच्चतम् मान्यता, सामाजिक मर्यादामा पनि उच्चता कायम गर्न शिक्षकमा हदसम्म त्याग र समर्पण हुनुका साथै पेशागत सुरक्षा, वृत्तिविकासका अवसर सुनिश्चित हुनु जरुरी छ । शिक्षण पेशामा सेवा भावना ओतप्रेत हुनु जरुरी छ । शिक्षकको कार्य व्यापक छ । शिक्षा व्यावहारिक, वैज्ञानिक, जीवनोपयोगी तथा गुणस्तरीय नभई नहुने हुँदा यसमा शिक्षकको भूमिका नै ठूलो हुन्छ । लाखौं संख्यामा विद्यालय उमेरका केटाकेटी विद्यालयमा अध्ययनरत हुन्छन् । तिनको प्रगति र विकासको बाटो शिक्षाले नै निर्धारण गर्ने हो । हामीकहाँ अझै १८ प्रतिशत भन्दा बढी जनसंख्या गरिबीको रेखामुनि छ । केटाकेटीको आर्थिक अवस्था उकास्न समुचित कार्य योजना निर्माण गर्नुपर्‍यो । राजनीतिक तरिकाले आरक्षण कोटा निर्धारण गर्नेभन्दा आर्थिक प्याकेज प्रोग्राम ल्याई तिनलाई माथि उठाउने प्रयत्न गर्नुपर्दछ । गरिब जनताका लागि राजनीतिक दलले सिद्धान्तका ठूला कुरा गरेरमात्र हुँदैन जबसम्म आर्थिक अवस्था माथि उठ्दैन तबसम्म पिछडिएका वर्ग माथि उठ्न सक्दैनन् । राजनीतिक आरक्षण गर्न खोज्नेले आर्थिक अवस्था सुधारेमा स्वत: तिनका सामाजिक र शैक्षिकस्तर माथि उठ्दछ । शिक्षकका समस्या समाधानका निम्ति शिक्षा ऐन बन्नुपर्ने माग बढिरहेको छ । आगामी अधिवेशन यस सम्बन्धमा बृहत् छलफल गरीपछि निर्णय हुनेवाला छ । अहिले शिक्षा विधेयक विधायिका सम्बद्ध समितिमा विचाराधीन अवस्थामा छ । १२ गतेबाट संसद् अधिवेशन सुरु हुँदैछ । संघीय संसद्मा विचाराधीन उक्त विधेक यथाशक्य चाडो पारित हुनु जरुरी छ । उक्त कुराको आन्दोलित शिक्षकलाई विश्वास दिलाई कक्षा कोठामा फर्काउने जिम्मेवारी सरकारको हो । अहिले सामुदायिक विद्यालयमा भर्ना अभियान, परीक्षा एसइईको आगामी नतिजालगायत कुरामा ध्यान दिई सरकारले यथाशक्य चाडो वार्ता गरी सम्झौतामा पुगी विद्यालयको पठनपाठन सुचारु गराउन अभिलम्ब तरखर गर्नुपर्दछ । सेवासुविधा तथा पेशागत हकहितका माग राखेर देशभरका शिक्षक काठमाडौं एकीकृत भएका तीन हप्ता भइसकेको छ । शिक्षकका मागसम्बन्धी कुरा २०७५, २०७८ र २०८० मा आन्दोलन भएका थिए । तत्कालीन सहमतिका आधारमा विद्यालय शिक्षा ऐन ल्याइनुपर्ने माग राखेर शिक्षक आन्दोलन भए । त्यसमा विधेयक संसद्बाट पारित भइहाल्ने आश्वासन दिँदै शिक्षक आन्दोलन स्थगित गर्दै लगेका थिए । तर, सम्झौतानुरूप विधेक पारित भएन । अहिलेको आन्दोलनले विधेक टुंगो लगाइछाड्ने अठोटका साथ शिक्षक सडकमा उत्रिएका छन् । तर, विधेयक पारित गर्ने सम्बन्धमा प्रधानमन्त्री र सभामुखसमेतको उपस्थितमा बसेको वार्तामा शिक्षकलाई विश्वास तुल्याउन सकेनन्, आन्दोलनले निरन्तरता लिइरहेको छ । खासगरी विद्यालयदेखि विश्वविद्यालयसम्मका मुद्दामा सरकार संवेदनशील बन्न सकेन । विश्वविद्यालयको नीतिगत नेतृत्वमा प्रधानमन्त्री स्वयं कुलपति हुने हुँदाको भूमिका निर्णायक हुने हो ।

विद्यालयका सम्बन्धमा वर्तमान प्रधानमन्त्रीदेखि भूतपूर्व प्रधानमन्त्रीहरूका पालामा भएका वार्ता र सहमतिका कुरा उठिरहेका छन् । यस सम्बन्धमा आपसी छलफल गरी शिक्षक नेतृत्वलाई वार्तामा बोलाई शिक्षकका माग सम्बन्धमा पूर्ण आस्वस्थ तुल्याई देशको शैक्षिक अवस्थालाई स्वस्थ र अनकूल बनाउन प्रयत्न गरिनुपर्दछ । हुन त अहिले हाम्रो शिक्षा प्रणाली दिशाहीनताको दलदलमा फसेको छ । यसपूर्व थुप्रै शिक्षानीतिहरू नबनेका होइनन् तर कार्यान्वयन विद्यालयसम्म पुग्नै सकेनन् । अहिले नेपालभरिका सामुदायिक विद्यलयका शिक्षक सडकमा उत्रिएका छन् । विद्यार्थी अन्यौलमा छन् । प्रधानमन्त्री शिक्षक आन्दोलनलाई मत्थर तुल्याई समाधान गर्ने दिशातर्फ भन्दा उनका टिप्पणीले झन् उत्तेजित तुल्याइएको छ । हालै शिक्षामन्त्रीले दिनुभएको राजीनामाले शिक्षकका माग र शैक्षिक समस्या समाधान नहुने र शैक्षिक समस्या जटिलबाट पेचिलोतर्फ उन्मुख भएको आभास मिल्दछ । यहाँ व्यक्ति परिवर्तनभन्दा समग्र नीति र प्रवृत्तिको परिवर्तन नभई सुधारको आशा गर्न सकिँदैन । हाम्रो देशका शासकमा आलोचना पचाउने क्षमता नभएकाले विवेकहीन जस्ता देखिन आएका छन् ।

*-इहिमालय टाइम्स डटकम*

# गोठमा आगलागी : एक दर्जन पशुचौपाया मरे



**गुल्मी,** वैशाख १४/जिल्लाको मालिका गाउँपालिका-८ मर्भुङ्ग किलिवाङ्का तुलबहादुर घर्तीको कच्ची गोठमा आगलागी हुँदा एक दर्जन पशुचौपाया मरेका छन् । गोठमा पानी तताउने क्रममा आगलागी हुँदा गोठमा रहेका दुई भैसी र १० बाख्रा मरेका हुन् । गोठ र बाख्राको खोरमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुका अनुसार आगलागीबाट १२ वटा पशुचौपाया जलेर मरेका छन् । अन्य ४ वटा बाख्रा भने आधा जलेका छन् । बिहान भैंसीलाई पानी तताउने क्रममा आगो सल्किएपछि खरले छाएको ढुङ्गामाटोले बनेको कच्ची गोठ र काठले बनेको बाख्राको खोर जलेर पूर्ण रुपमा नष्ट भएको हो ।

# विश्व कार्यसुरक्षा र स्वास्थ्य दिवस मनाइँदै




**पाल्पा,** वैशाख १४/आज विश्व कार्य सुरक्षा तथा स्वास्थ्यका लागि विश्व दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष अप्रिल २८ तारिखमा विभिन्न तालिम र जनचेतामूलक कार्यक्रम गरी मनाउने गरिन्छ । सन् २००३ देखि सुरक्षित, स्वस्थ्य र सभ्य कामलाई बढावा दिन यो दिवस मनाइँदै आएको छ ।

श्रम ऐन, २०७४ मा रोजगारदाताले कार्यस्थलमा श्रमिकको सुरक्षा र स्वास्थ्यसम्बन्धी नीति बनाउनुपर्ने, सुरक्षा तथा स्वास्थ्य समिति बनाउनुपर्ने व्यवस्था छ । व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ मा रोजगारदाताले कार्यस्थलमा रासायनिक, भौतिक वा जैविक पदार्थ वा उपकरणको प्रयोग, सञ्चालन, सञ्चय र परिवहन गर्दा सुरक्षा र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । श्रमिकलाई तालिमसँगै सुरक्षा साधन उपलब्ध गराउनु रोजगारदाताको कर्तव्य हो । उक्त नीतिले श्रमिकलाई सङ्क्रामक रोग नियन्त्रण र व्यवसायजन्य रोगको उपचारसम्बन्धी व्यवस्था गरेको छ । विश्वमा हरेक वर्ष १६ करोड श्रमिक व्यवसायजन्य रोगबाट प्रभावित छन् । यस्तै २७ लाख ८० हजार श्रमिकको कामसम्बन्धी दुर्घटना र व्यवसायजन्य रोगका कारण मृत्यु हुने गरेको छ । विश्वमा प्रत्येक दिन सात हजार छ सयभन्दा बढी श्रमिकको कामसम्बन्धी दुर्घटनाका कारण मृत्यु हुने गरेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## क्यान्टिन कार्ड हराएको सूचना

मिति २०८२ वैशाख ८ गतेका दिन तानसेनको कैलाशनगर देखि शितलपाटी तर्फ जादैं गर्दा भगवतीटोलस्थित शितलपाटी क्षेत्रमा भुपु नम्बर ५०४६५१९ हवलदार गुन बहादुर थापाको नाममा रहेको निम्न व्यहोराको Liquor and Grocery Smart card हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** गुन बहादुर थापा
**ठेगाना :** तानसेन-१३, बौगागुम्हा, पाल्पा
**सम्पर्क नं. :** 9748427295, 9867112723

## खेलकुद समाचार


# बार्सिलोना कोपा डेल रे च्याम्पियन



**काठमाडौं,** वैशाख १४/बार्सिलोना कोपा डेल रे च्याम्पियनरयल म्याड्रिडलाई हराउँदै बार्सिलोना कोपा डेल रे च्याम्पियन बनेको छ । डिफेन्डर जुल्स कुन्डेले खेलको अतिरिक्त समयमा गरेको गोलबाट बार्सिलोना उपाधि जित्न सफल भयो । सेभिलमा भएको खेलमा बार्सिलोनाले ३-२ को जीत निकालेको हो । निर्धारित ९० मिनेटको खेल दुई/दुई गोलको बराबरीमा सकिएपछि थप भएको ३० मिनेटको खेलमा कुन्डेले विजयी गोल गरे । बार्सिलोनाले खेलको पहिलो हाफमा एक गोल गर्दै अग्रता बनाएको थियो । तर रियलका एमबाप्पेले दोस्रो हाफको ७० औं मिनेटमा गोल गरे । त्यसको ८ मिनेटपछि रियलले गोल थप्यो । लगत्तै ८४ औं मिनेटमा बार्सले खेललाई बराबरी गर्यो । अतिरिक्त समयमा खेलको एक सय १६ औं मिनेटमा भएको गोलबाट बार्सिलोनाले उपाधि जितेको हो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अंकले बढ्यो



**पाल्पा,** वैशाख १४/सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार सामान्य अंकले बढेको छ । अघिल्लो दिनको तुलनामा ३ दशमलव ५८ अंक (०.१३ प्रतिशत) ले नेप्से बढेको हो ।

नेप्से बढेसँगै २ हजार ६ सय ६१ दशमलव ६० विन्दुमा पुगेर बन्द भएको छ । गत बिहीबार २ अंकले बढेर बन्द भएको नेप्सेले आइतबार पनि सोही प्रवृति पछ्याएको हो । सो दिन कारोबारमा आएकामध्ये १ सय ४ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय ४१ वटाको घट्यो । ८९ हजार १ सय ६१ पटकको सेयर कारोबारमा २ करोड ८४ लाख ३८ हजार ४ सय २८ कित्ता सेयर किनबेच भए । ती किनबेचमा १० अर्ब ८७ करोड ५९ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको हो । गत बिहीबार ७ अर्ब ८७ करोड ९३ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । सो दिन कारोबारमा आएका १३ उपसमूहमध्ये होटेल तथा पर्यटन, जलविद्युत, लगानी, उत्पादन तथा प्रशोधन, सामुहिक लगानी कोष र व्यापारको परिसूचक बढे । बाँकी उपसमूहको परिसूचक घटेको नेप्सेले जनाएको छ । विन नेपाल लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले भने सर्वाधिक गुमाए । सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा नगदी ग्रुप शीर्षस्थामा रह्यो । सो कम्पनीको ८६ करोड १७ लाख मूल्य बराबरको सेयर कारोबार भयो । एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको ५६ करोड मूल्य बराबरको सेयर कारोबार हुँदा राधी विद्युतको ५६ करोड,हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्टको ५२ करोड र हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको ४७ करोड मूल्य बराबरको सेयर कारोबार भयो ।

# ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पा

## शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**दास्रो पटक सूचना प्रकाशित भएको मिति : २०८२/०१/१५**
**शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना नं.**
**SQ/02/REDA/RAP 2081/082**

रिब्दीकोट गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा ग्रामिण आर्थिक विकास संघ रेडा पाल्पाको सहजीकरणमा संचालित रिब्दीकोट कृषि परियोजना अर्न्तगत ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाले Agri-equipment's (Vegetable Tunnel Support & Plastic Sheet Tunnel) का लागि आवश्यक कृषि सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रको विवरण:**

| वस्तु /सामग्रिको नाम | जमानत रकम (रु) | शिलबन्दी दरभाउ पत्र फारम दस्तुर | शिलबन्दी दरभाउ पत्र मान्य हुने अवधि | शिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| कृषि सामग्रीहरुको आपूर्ति | ४६,२५०/- | १,०००/- | शिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुने छ । | २०८२/०१/२९ गते कार्यालय समय भित्र | २०८२/०१/३० गते १२:०० बजे सम्म | २०८२/०१/३० गते दिनको २:०० बजे |

१. योग्य दरभाउ पत्रदाताले मिति २०८२/०१/१५ गते सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् २०८२/०१/२९ गतेको दिन कार्यालय समय भित्रमा रु.१,००० रुपैया (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको कार्यालय तानसेन -४ विशाल बजारमा पेश गरी शिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन भएको मितिबाट १६ औं दिन अर्थात २०८२/०१/३० गते दिनको १२:०० बजे भित्र ग्रामीण आर्थिक विकास संघ (रेडा), पाल्पामा पेश गर्नुपर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।
३ . प्राप्त भएका शिलबन्दी दरभाउ पत्रहरु २०८२/०१/३० गते दिनको २:०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको कार्यालय तानसेन -४ विशालबजारमा खोलिनेछ ।
४. दरभाउ पत्र मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ ।
५. दरभाउ पत्रको साथ माथिको तालिका उल्लेख भए अनुसारको जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र बोलपत्र जमानत मान्य अवधि दरभाउ पत्र खोलेको मितिले कम्तिमा ७५ दिनको हुनुपर्नेछ। दरभाउ पत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा बोलपत्रको साथ कम्तिमा रु ४६,२५०/- को ग्लोबल आइ.एम. इ. बैंक लिमिटेड, तानसेन शाखामा रहेको खाता नं. १२९०१०१०००६८७३ मा रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।
६. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउ पत्र तथा दरभाउ पत्र जमानतको मान्य अवधि साविककै मिति देखि गणना गरिनेछ ।
७. यस संस्थाले कुनै पनि शिलबन्दी दरभाउ पत्रदाताको बोलपत्र स्वीकार गर्न वा अस्वीकार गर्न, र बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।
८. बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पा (फोन नं. ९८५७०६०४७४, ९८४७०९८९६३) मा सम्पर्क गर्न सकिनेछ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई